"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## DHARAN SUB-METROPOLITAN CITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनसरी, १ नं. प्रदेश, नेपाल

Sunsari, Province No. 1, Nepal

शिक्षा, युवा तथा खेलकुद महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :- १७९-०७९।८० (शिक्षा)

चलानी नं. :- ६८७९

मितिः २०८०।०१।०६

**विषयः नतिजा प्रकाशन सम्बन्धमा ।**

श्री कक्षा ८ को परीक्षामा सहभागी सबै विद्यालयहरु,
धरान उपमहानगरपालिका, सुनसरी ।

उपर्युक्त सम्बन्धमा धरान उपमहानगरपालिका, नगर स्तरीय आधारभूत शिक्षा परीक्षा समितिको मिति २०८०।०१।०६ गतेको बैठकबाट शैक्षिक सत्र २०७९ को आधारभूत तह उत्तीर्ण (कक्षा ८) परीक्षाको नतिजा प्रकाशन गर्ने निर्णय भएकाले देहायबमोजिम निर्णय कार्यान्वयन गर्न गराउनु हुन अनुरोध छ ।

तपसिलः

१. एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मार्फत कक्षा ८ को परीक्षा व्यवस्थापन भएको हुँदा देहायअनुसार नतिजा हेर्नु हुनः

क. www.iemis.cehrd.gov.np मा log in गर्ने ।

ख. आफ्नो विद्यालयको School ID र Password राखी विद्यालयको School ID log in गर्ने ।

ग. Manage Exam मा गई School Level Marks मा Click गरी Grade 8, 2079 छानी View Ledger मा Click गर्ने ।

घ. Include data (आवश्यकता अनुसार) रेजा लगाई Export to pdf मा Click गरी Ledger डाउनलोड गर्ने ।

ङ. विद्यालयले २ प्रति Grade Ledger प्रिन्ट गरी शिक्षा, युवा तथा खेलकुद महाशाखाबाट प्रमाणित गराई महाशाखामा १ प्रति पेस गर्ने र १ प्रति विद्यालयमा राख्ने व्यवस्था गर्ने ।

च. विद्यालयले नतिजा सूचना पाटीमा टाँस गरी सम्बन्धित विद्यार्थीलाई कक्षा Upgrade भए नभएको जानकारी दिने ।

२. लेटर ग्रेडिङ् निर्देशिका ,२०७८ ले विद्यार्थीहरुले कक्षा ९ मा अध्ययन गर्नका लागि विषयगत रुपमा प्रयोगात्मक तर्फ C र सैद्धान्तिक तर्फ D ग्रेड प्राप्त गरेको हुनुपर्ने व्यवस्था गरेकाले बढीमा २ विषयसम्म तोकिए बमोजिम न्यूनतम ग्रेड प्राप्त नगरेका विद्यार्थीहरुको ग्रेड वृद्धि परीक्षा सम्बन्धित विद्यालयले देहायको समयतालिका बमोजिम सञ्चालन गरी उत्तरपुस्तिका परीक्षण गराई प्राप्ताङ्क मिति २०८०।०१।२० गतेभित्र शिक्षा, युवा तथा खेलकुद महाशाखामा प्रमाणीकरणका लागि पेस गर्ने ।

<u>तपसिलः</u>

गणेशप्रसाद ...
शिक्षा महाशाखा प्रमुख

कार्यालयः ०२५-५२०६३६, ५२०८१३, ५२०४०७, प्रमुखः ५२०१०९, उप-प्रमुखः ५२५४९०, प्र.प्र.अ.: ५२०२७९, प्रशासनः ५२११९१, आर्थिक प्रशासनः ५२१५११,

शिक्षा, युवा तथा खेलकुद महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :-

चलानी नं. :-

समयः १०:३० बजेदेखि

| क्र. स. | मिति | विषय |
|---|---|---|
| १ | २०८०/०१/१० | गणित |
| २ | २०८०/०१/११ | विज्ञान तथा वातावरण शिक्षा |
| ३ | २०८०/०१/१२ | नेपाली र नैतिक शिक्षा (संस्कृत शिक्षातर्फ संस्कृत व्याकरणसमेत) |
| ४ | २०८०/०१/१३ | अंग्रेजी र पेसा, व्यवसाय तथा प्रविधि शिक्षा (संस्कृत शिक्षातर्फ कर्मकाण्डसमेत) |
| ५ | २०८०/०१/१४ | सामाजिक अध्ययन तथा जनसंख्या शिक्षा र स्वास्थ्य तथा शारीरिक शिक्षा |

३. कुनै विद्यार्थीले नतिजामा चित्त नबुझी पुनर्योग गर्न चाहेमा धरान उपमहानगरपालिकामा रु २००।- को राजस्व तिरेको रसिद सहित नतिजा प्रकाशन भएको ७ दिनभित्र शिक्षा ,युवा तथा खेलकुद महाशाखामा विद्यालयमार्फत निवेदन पेस गर्ने ।

४. ग्रेड वृद्धि परीक्षाका लागि विद्यालयका प्रअ/ प्रिन्सिपलहरुले मिति २०८०।०१।१० गते शिक्षा, युवा तथा खेलकुद महाशाखाबाट प्रश्नपत्र बुझी परीक्षा संचालन गर्ने गराउने ।

गणेश प्रसाद खतिवडा
महाशाखा प्रमुख

बोधार्थः

श्री सूचना शाखा, धरान उपमहानगरपालिका :- पत्र website मा अपलोड गरिदिनुहुन ।